स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय एकपछि अर्का निर्माताले शोमा असन्तुष्टि जनाउँदै हलमा चलिरहेको फिल्म उतार्ने निर्णय लिइरहेका छन् । शो बाँडफाँटमा अन्याय भएको भन्दै २०७९ सालमा फिल्म 'राधा'को प्रदर्शन स्थगन गरिएको थियो । यही दशैंको घटस्थापनामा आएको फिल्म 'बेहुली फ्रम मेघौली'को पनि दुई हप्ता पुगेपछि पर्याप्त शो नपाएको भन्दै निर्माताले रिलिज स्थगन गरेका थिए ।

आजको विचार...



सामाजिक...

(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

बिहीबारबाट प्रदर्शनमा आएको साउथ फिल्म 'पुष्पा २'मा एउटा संवाद छ, 'फायर होइन, वाईल्ड फायर'। यो संवादको अर्थजस्तै भारतीय बक्स अफिसमा पनि फिल्म 'वाईल्ड फायर' बनेको छ। 'रेकर्ड ब्रेक' ओपनिङ गरेको फिल्मको शुक्रबार र शनिबार पनि उस्तै बुलन्द कमाइ रह्यो। ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार फिल्मले तीन दिनमा हिन्दी भर्सनमा २०५ करोड कमाएको छ। ७२ करोडको कीर्तिमानी ओपनिङ गरेको फिल्मले शुक्रबार ५९ करोड र शनिबार ७४ करोड कमाएको तरणले जनाएका छन्।



❑ वर्ष ३० ❑ अंक १३६ ❑ २०८१ मंसिर २४ गते सोमबार 9 December 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# उड्डयन क्षेत्र : एक दशकमा ६ ठूला हवाइ दुर्घटना, जिम्मेवार को ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर २३/हरेक वर्ष ७ डिसेम्बरमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाउने गरिएको छ । यस वर्षको दिवस शनिबार मनाइयो । यस दिवसलाई खासगरी उड्डयनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्था लगायत विमानस्थलको सुरक्षा राख्ने उद्देश्यका रूपमा मनाउने गरिएको भएता पनि प्रत्येक वर्ष हुने हवाइ दुर्घटनाले यस्ता दिवसले नेपाली उड्डयन क्षेत्रमा के भूमिका खेल्दै आइरहेको छ भन्ने प्रश्न जहाँको त्यहीं नै छ । यातायातका दृष्टिले हवाई उडानलाई सुरक्षित मानिए पनि बर्सेनि विमान दुर्घटनाको क्रम नरोकिनुले नेपाली आकाश असुरक्षित रहेको हो कि भन्ने आशंका उत्पन्न हुने गरेको छ ।



५ महिना अघि ९ साउन २०८१ मा काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा सौर्य एयरलाइन्सको जहाज चिप्लिएर दुर्घटना हुँदा १८ जनाको ज्यान गयो । पोखराका लागि उडेको जहाज उड्ने बितिकै दाहिनेतिर मोडिन गई रनवेको पूर्वतिर रहेको स्थानमा दुर्घटनाग्रस्त हुन पुगेको थियो । यस्तै १ माघ २०७९ मा पोखराका लागि उडेको यती एअरलाइन्सको विमान पोखराको सेती खोचमा दुर्घटना हुँदा ७२ जनाको ज्यान गएको थियो ।

१५ जेठ २०७९ मा पनि जोमसोम, मुस्ताङमा तारा एअरको विमान दुर्घटनामा परेर २२ जनाको ज्यान गएको थियो । पोखराबाट जोमसोमका लागि उडेको विमान खराब मौसमका कारण बीचमै दुर्घटना भएको थियो ।

त्यसअघि १ वैशाख २०७६ मा समिट एअरको विमान लुक्ला विमानस्थलमा दुर्घटना हुँदा तीन जनाको ज्यान गएको थियो । त्यस्तै, २८ फागुन २०७४ मा बाङ्लादेशको ढाकाबाट काठमाडौं आएको यूएस बाङ्ला विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना हुँदा ४९ जनाको ज्यान गएको थियो । त्यसै गरी १२ फागुन २०७२ मा पनि पोखराबाट जोमसोमका लागि उडेको तारा एअरको विमान म्याग्दीमा दुर्घटना हुँदा चालक दलका सदस्य सहित २३ जनाको ज्यान गएको थियो ।

२४ फागुन २०७० मा पोखराबाट जोमसोमका लागि उडेको नेपाल एअरलाइन्सको विमान दुर्घटनामा १८ जनाको ज्यान गएको थियो । यो विमान खराब मौसमका कारण दुर्घटनामा परेको थियो । यी एक दशकमा भएका केही ठूला विमान दुर्घटना हुन् । नेपालमा त्यस अघि पनि थुप्रै विमान दुर्घटनामा ठूलो मानवियसँगै भौतिक क्षति हुन पुगेको थियो ।

स्थानीय मौसमको अवस्था पूर्वानुमान गर्ने परिपाटीको अभाव, छोटा रनवे र न्याभिगेशनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेका हुन् । त्यति मात्र होइन कमजोर नियमन, व्यापारिक दवाब, चालक दलका सदस्यहरूले निर्धारण गरिएको नियमको पालना नगर्दा पनि दुर्घटना दोहोरिने गरेका छन् । घटना घट्नसाथ अनुसन्धानका लागि सरकारी तवरबाट समिति बनाइन्छ तर उक्त समितिले बुझाएको प्रतिवेदन कार्यान्वयन हुँदैन । प्रतिवेदन कार्यान्वयन नहुँदा राजनीतिक दल र सरकार एक अर्कामा आरोप लगाएर उम्किने बाहेक अरु केही हुँदैन । यस्ता घटनाहरु दोहोरिन नदिन जिम्मेवार को हो ? भन्ने आम प्रश्न अहिले सर्वत्र छ । तर त्यसको जवाफ कोही कसैसँग छैन् । जसका कारण नेपालको उड्डयन क्षेत्र असुरक्षित बन्दै गएको सरोकारवालाहरुको गुनासो छ ।

## संक्षिप्त समाचार

### लामिछानेलाई चार दिन म्याद थप

**रासस**

**गण्डकी,** मंसिर २३/सहकारी ठगी एवम् सङ्गठित अपराधसम्बन्धी अनुसन्धानका क्रममा कास्की प्रहरीको हिरासतमा रहेका पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । म्याद थपका लागि लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएकोमा न्यायाधीश हिमलाल बेलबासेको इजलासले चार दिन म्याद थप्ने अनुमति दिएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए । गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ गरी पोखरा ल्याइएको लामिछाने त्यस यता प्रहरी हिरासतमा छन् । उनलाई त्यसपछि उनलाई अनुसन्धानकै क्रममा रुपन्देही, काठमाडौँ र चितवन समेत लगेर बयान लिइएको थियो ।

### १६ जना जुवाडे पक्राउ

**काठमाडौँ,** मंसिर २३/काठमाडौँ महानगरपालिका-१५ डल्लु तथा नागार्जुन नगरपालिका-३ गैरीगाउँमा जुवातास खेलिरहेको अवस्थामा प्रहरीले १६ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । काठमाडौँ महानगरपालिका-१५ डल्लु बस्ने ६० वर्षीय दिलबहादुर लाम्गादेको घरमा जुवातास खेलिरहेको अवस्थामा दिलबहादुर समेत सात जना तथा नागार्जुन नगरपालिका-३ गैरीगाउँ बस्ने हर्कबहादुर गुरुङको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४७ वर्षीय दोर्जे लामा समेत नौ जनालाई पक्राउ गरिएको केन्द्रीय प्रहरी प्रवक्ता दानबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार प्रहरी वृत्त स्वयम्भुबाट खटिएको प्रहरीले दिलबहादुरको घरबाट पक्राउ परेकाहरुको साथबाट नगद ६३ हजार २ सय ८० र तीन बुक तास तथा दोर्जे लामाको घरबाट पक्राउ परेकाहरुको साथबाट नगद दुई लाख ९९ हजार ७ सय ४५ र तीन बुक तास बरामद गरेको छ । *-रासस*

कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

सारा मोटर कर्प्स

होलाङ्गदी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

# छुट्टाछुट्टै घटनामा परी ६ जनाको मृत्यु

**पाल्पा,** मंसिर २३/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा ६ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, रोल्पा, धनुषा, सुनसरी, कास्की र लमजुङका विभिन्न स्थानमा भएका सवारी दुर्घटना र अन्य घटनामा परी ६ जनाको मृत्यु भएको हो ।



रूपन्देहीको तिलोत्तमा नगरपालिका-८ प्रदिपनगरस्थित सडकमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । गणेशनगरबाट प्रदिपनगरतर्फ जाँदै गरेको लु.३ त ६५४१ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा चालक मायादेवी गाउँपालिका बस्ने ३५ वर्षीय रामकेश कुर्मीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रदेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सुनसरीको हरिनगर गाउँपालिका-४ हरिनगरा बजारस्थित सडकमा टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । को.१ ख ६४३१ नम्बरको टिपरको ठक्करबाट साइकलयात्री देवानगंज गाउँपालिका-७ बस्ने ५० वर्षीय झलु उरावको घटनास्थलमै मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै धनुषाको मिथिला नगरपालिका-६ बसी पुलस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको प्रहरी केन्द्रीय समाचार कक्षले जनाएको छ । महेन्द्रनगरबाट ढल्केवरतर्फ आउँदै गरेको प्र.३-०२-००६ प ६७५३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार सिराहा बिष्णुपुर नगरपालिका-१ गौरीपुर बस्ने २६ वर्षीय विवेक कुमार यादवको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै रोल्पाको सल्यान पारीखर्कबाट सुकिदह जाने कच्ची सडक तल खोल्सामा एक जना मृत अवस्थामा फेला परेका छन् । सुकिदह गाउँपालिका-३ चामी बस्ने सल्यान बाघचौर नगरपालिका-७ गाराकोट घर भएका ७० वर्षीय मन बहादुर दमाई खोल्सामा मृत अवस्थामा फेला परेका हुन् । उता कास्कीको मादी गाउँपालिका-१२ रूदीदोभानस्थित मादी खोलामा अर्को एक जनाको शव फेला परेको छ । पोखरा महानगरपालिका-२७ अर्चले बस्ने १८ वर्षीय मन्दिप लामिछाने मृत अवस्थामा फेला परेका हुन् । यस्तै लमजुङको मर्स्याङदी गाउँपालिका-४ काभ्रे भिरस्थित मर्स्याङदी नदीको पाखामा पनि अर्का एक जनाको शव फेला परेको छ । सोही गाउँपालिका-४ सिलढुङ्गा बस्ने ३० वर्षीय रोशन गुरूङ मृत अवस्थामा फेला परेका हुन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## भ्रष्टाचारविरुद्ध खबरदारी आवश्यक

भ्रष्टाचार कुनै मुलुक विशेषको मात्रै नभई यो अन्तर्राष्ट्रिय समस्या बनेको छ । कमबेसी मात्र हो, भ्रष्टाचार धनी तथा गरिब दुवै खालका मुलुकमा विद्यमान छ । त्यसैले पनि भ्रष्टाचार विरुद्धको लडाइँ विश्वको चासो र सरोकारको विषय बनेको छ । अध्ययन हेर्दा विशेषगरी भ्रष्टाचारले गरिब र विपन्न नागरिकलाई बढी मात्रामा प्रभाव पारेको छ । भ्रष्टाचारले मुलुकमा राजनीतिक अस्थिरता बढाउनुका साथै लामो संक्रमणकालबाट गुज्रिएका मुलुकमा गरिबी झन् बढेको देखिन्छ । पछिल्लो समयमा त भ्रष्टहरूले सूचना प्रविधिलाई समेत दुरुपयोग गर्ने हैसियत बनाइसकेका छन् । क्षणभरमै राष्ट्रको ढुकुटी रित्तिन सक्ने अवस्था आएको छ । भ्रष्टाचार एउटा सामाजिक महारोग पनि हो । भ्रष्टाचारले गर्दा जनतामा चरम नैरास्य छाएको छ । सन् २०४८ साल देखी नै नेपाल डरलाग्दो र अनियन्त्रित भ्रष्टाचारको दलदलमा फसेको छ । यो अत्यन्त दुखको कुरा हो । भ्रष्टाचार अन्त्यका लागि भन्दै हरेक वर्ष डिसेम्बर ९ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । आज पनि यस वर्षको दिवस नेपालसहित विश्वभर मनाइँदै छ । तर हरेक वर्ष यो दिवस मनाउने गरिए पनि भ्रष्टाचारको अन्त्य भने हुन सकेको छैन, बरु झन् मौलाउदै गएको छ । भ्रष्टाचारकै कारण देशमा विकास, समृद्धि र शुसासन आउन सकेको छैन ।

भ्रष्टाचार अन्त्य गर्ने, सुशासन कायम गर्ने र आर्थिक समृद्धि हासिल गर्ने भनि भाषाण गरेर नेताहरू कहिल्यै थाक्दैनन् । सधैं निर्वाचन अघि जनतासामु यिनै कसम खाने नेताहरु जब सत्तामा पुग्छन् तब ति कसम कार्यान्वयन होइन की उल्टै उल्लङ्गन गर्न सक्रिय रहन्छ । जसले भ्रष्टाचार गर्नेहरुलाई समेत प्रश्रय पुगेको छ । भ्रष्टाचार नेपाली समाजमा यस्तो उद्योगका रूपमा मौलाउँदै गएको छ, जसमा न त लगानी जुटाउनुपर्छ न त प्रतिस्पर्धा नै गर्नुपर्छ । व्यावसायिक जोखिम मोल्नु नपर्ने, उद्यमशीलता नचाहिने, व्यावसायिक योजना बनाउनु नपर्ने, बिना उत्पादन र मार्केटिङ भ्रष्टाचार मौलाउँदो उद्योग बनेको छ । यस्तो भ्रष्टाचारको जालोलाई तोड्न जरुरी छ । सबैले आ–आफ्नो ठाउँबाट सक्दो प्रयास गर्ने हो भने भ्रष्टाचार रोक्नलाई कुनै समस्या छैनन् । घुस माग्नेहरुबाट नै सजग हुने हो भने केही हदसम्म भए पनि भ्रष्टाचार कम गर्न सकिन्छ । भ्रष्टाचार विरुद्ध हरेक नागरिक सचेत बनौ, गाउँपालिका र नगरपालिकाहरुमा विकास निर्माणको लागि छुट्याइएको बजेटको दुरुपयोग हुनबाट जोगाइ सहि ठाउँमा सदुपयोग गरौं । भ्रष्टाचारमुक्त समाज निर्माण गर्न भ्रष्टाचारविरुद्ध खबरदारी गरौं ।

### Opinion @ Social Network

आफ्नै दाहिने खुट्टामा लगाएको चप्पल त देब्रे खुट्टामा मिल्दैन भने सबैसङ्ग आफ्नो सोच र बिचार मिल्नु पर्छ भन्ने जरुरी पनि छैन ।

***(माया थापाको फेसबुक स्टाटस** https://www.facebook.com/Maya.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जाल : कति यथार्थ कति भ्रम




आज भोली चौपारी, पाटी पौवामा बसेर दु:ख सु:ख का विषयमा गफगाफ हुन छाडि सक्यो । साथीहरुबिच जमघट र छलफल, परिवारका सदस्यहरुबिच एकै ठाउँ बसेर पारिवारीक छलफल हुन छाडिसक्यो । ब्यक्ति ब्यक्तिबिचको आत्मियता पनि क्रमश: हराउँदै गएको देखिन्छ । एउटै परिवारका सदस्य पनि टाढा-टाढा हुँदै गएको देखिन्छ । हो आजभोली हाम्रो परिवार र समाज यस्तै प्रवृत्तिलाई प्रोत्साहन गरि रहेको देखिन्छ । पछिल्लो समय विकास भएका नयाँ प्रविधिले गाउँ शहर जताततै इन्टरनेट, अनि जनताको हात हातमा मोबाईल पुऱ्यायो । मोबाइलले विभिन्न किसिमका विकृतिहरुलाई प्रोत्साहन गर्दै लगेको देखिन्छ भने यसको अनुगमन, नियन्त्रण र व्यवस्थापनमा सरकारहरु बेखवर जस्तै ।

समयको परिवर्तनसँगै प्रविधिको विकासमा ठूलो परिवर्तन भएको छ । प्रविधिको विकासको एउटा रुप हो इमेल र इन्टरनेटको विकास । इन्टरनेटको विकाससँगै विभिन्न किसिमका सामाजिक सञ्जालहरुको विकास भए जसले विश्व एउटा औलामा जस्तै बनाएको छ । सूचना आदन-प्रदानमा सहज र तिव्रता प्राप्त गरेको छ । अब घर वा बाहिर, देश वा विदेश जहाँ बसे पनि परिवारबाट टाढा हुनु पर्ने पिडाको अन्त्य भएको छ । यसैको विकासको कारण आर्थिक, व्यवसायिक र मानविय जीवनमा सकरात्मक परिवर्तन देखिन थालेको छ । राजनीतिक, आर्थिक र व्यक्तिगत जीवनको सफलता असफलता निर्धारणको आधार बनेको छ । यति हुँदा हुँदै पनि यसको आजभोली दुरुपयोग र भ्रम सिर्जना गर्ने माध्मको रुपमा प्रयोग बढ्दै गएको देखिन्छ । व्यक्तिगत आरोप प्रत्यारोपको प्लेट फर्म बनेको छ सामाजिक सञ्जाल, यर्थाथ भन्दा भ्रम सिर्जना गर्ने माध्यम बनेको छ सामाजिक सञ्जाल । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

कम्प्युटर वा मोबाइल वा यस्तै अन्य कुनै साधनको इन्टरनेटको माध्मको प्रयोग गरी आफ्ना विचार, सुचना, फोटो तथा भिडियो आदन-प्रदान गर्ने अत्याधुनिक डिजिटल साधनलाई सामाजिक सञ्जाल भनिन्छ । विशेष गरेर यसले समुदायमा आधारित सुचना आदन-प्रदान गर्ने साधनको रुपमा विकास गरिएकाले यसलाई सामाजिक सञ्जाल भनिन्छ । फेसबुक, टुविट्र, भाईवर, म्यासेञ्जर, युटुयुव, इन्स्टाग्राम, टिकटक आदि नेपालमा प्रचलीत सामाजिक सञ्जालहरु हुन् भने फेसबुक सबै भन्दा बढी पहुँचमा रहेको सामाजिक सञ्जाल हो । हरेक व्यक्तिले सहज र सरल तरीकाले प्रयोग गर्न सक्ने भएकाले यसको प्रयोगको दायरा दिनप्रती दिन बढ्दै गएको देखिन्छ । विश्वका जुनसुकै कुनादेखि विषयगत जानकारी, सुचना आदन-प्रदान गर्न सकिने विभिन्न मोवाइलस एप्सहरुले मानव जीवनलाई सव्य र सहज बनाएको देखिन्छ । आज भोली सामाजिक सञ्जाल मानिसका लागि जीवन साथी जस्तै बन्न पुगेको छ भन्दा दुईमत नरहला ।

*सूचना आदन–प्रदान छिटोछरितो गर्न सकिने । विश्व नै एक मोबाईलमा सिमित हुन् पुगेको छ । महत्वपूर्ण कागजात तुरुन्तै विश्वभर आदन–प्रदान गर्न सकिने । घरमै बसेर व्यापारिक कारोवार र स्वरोजगारी सिर्जना हुने । आफ्ना विचार र भावना पोख्ने थलोको रुपमा प्रयोग गर्न पाईने । अध्ययन् र खोजका लागि सहयोगी हुने । सञ्जालको निर्माण गरि सुचना र छलफल गर्न सकिने । यसका नकरात्मक पक्षमा : यसको बढी प्रयोगले व्यक्तिगत, पारिवारिक, दम्पत्तीको जीवनमा नै समस्या उत्पन्न गराएको । सबै कुरा छोडेर यसैमा लामो समय बेथित गर्ने । शारीरिक र मानसिक समस्या सिर्जना हुने । नकरात्मक सोच बढ्दै जाने, अरुको व्यक्तिगत जीवनीमा हानी हुने टिकाटिप्पणी सहज तरीकाले गर्न पाउने, अश्लील भिडियो तथा फोटाहरु पोष्ट गर्ने, मनोरञ्जनात्मक साधनको रुपमा बढी प्रयोग गर्ने, गलत समाचार प्रसारण गर्ने, समाजमा विभिन्न किसिमका भ्रम सिर्जना गर्ने । कम्प्युटर वा मोबाइल वा यस्तै अन्य कुनै साधनको इन्टरनेटको माध्मको प्रयोग गरी आफ्ना विचार, सुचना, फोटो तथा भिडियो आदन–प्रदान गर्ने अत्याधुनिक डिजिटल साधनलाई सामाजिक सञ्जाल भनिन्छ । विशेष गरेर यसले समुदायमा आधारित सुचना आदन–प्रदान गर्ने साधनको रुपमा विकास गरिएकाले यसलाई सामाजिक सञ्जाल भनिन्छ ।*

**के भइरहेको छ आजभोली :** पिडा के हो ? खुसी के हो ? यसको अर्थ नै बुझ्न छाडिसकेका छौ । आज भोली हामी आकस्मिक दुर्घटनामा परेका घाईते वा पिडितको उद्वार र सहयोगमा, प्रहरीलाई जानकारी दिन, एम्बुलेन्स बोलाउन तत्परता देखाउदैनौ देखाउछौ त भिडियो, सेल्फी र फोटा खिच्न र त्यसलाई कसले भन्दा पहिला सामाजिक सञ्जालमा राख्ने अनि कसरी भाईरल हुने त्यही कुरामा आतुर भईरहन्छौ । यसबाट हिजो अन्यलाई सहयोग, सद्भाव, दया माया राख्न आतुर हाम्रो परम्परा, हाम्रो कमलो मन कठोर हुँदै जान थालेको छ ।

आफ्नो गाउँ घरका विकास निमार्णका कुराहरु, राम्रा योजनाहरु गाउँ घरमा देखिदैन देखिन्छ त सामाजिक सञ्जालमा । त्यति मात्रै कहाँ हो र ? नेतृत्वको मिठा-मिठा आसवासन र भाषण हुँदै नभएका विकासका कुरा पनि सामाजिक सञ्जालमा नै हेर्न सुन्न पाईन्छ । नेतृत्वको आरोप प्रत्यारोपका चर्का भाषणहरु सुन्न घर बाहिर पुग्नु पर्दैन आज भोली मात्रै खोले पुग्छ मोवाईल अनि सामाजिक सञ्जाल । जे पनि लेख्न, जे पनि बोल्न छुट छ सञ्जालमा, दिनभरको रिस पोख्न पाईन्छ सामाजिक सञ्जालमा ।

सामाजिक सञ्जालको सहि प्रयोगको बारेमा आजभोली बहसको विषय बन्दै गएको छ । सरकारका निकायहरु यसको व्यवस्थापन र सहि निगमनको छलफल चलाउँदछ तर यस क्षेत्रमा समय अनुकुलको आवश्यक साइवर ऐन बनाउन् सकेको देखिदैन् । यहि कारण सामाजिक सञ्जाललहरुले नेपाली समाजमा विकृतरुप लिदै गएको देखिन्छ । यसले परिवार, समाजमा नराम्रो प्रभाव पार्दै लगेको देखिन्छ । यसले समाजमा द्वन्द्वको बीउ रोपेको देखिन्छ । सत्य होस् वा असत्य, स्रोत होस् वा नहोस् जे पनि लेखेर भ्रम सिर्जना गरेको देखिन्छ । समाजमा अपाच्य, धर्म संस्कृति माथि प्रहार गर्ने जातिय द्वन्द्व उत्पन्न गराउने अभिव्यक्ति दिने, समाजलाई भड्काउने आदि सामाजिक सञ्जालका भ्रम सिर्जना गर्ने पक्षहरु हुन् । सामाजिक सञ्जाल भ्रम सिर्जना गर्ने मात्रै नभएर यथार्थमा पनि अगाडि देखिन्छ । यसले व्यक्तिको जीवनलाई कायापलट नै बनाईदिएको पनि छ । ग्रामीण दुरदराजमा रहेका विशेष क्षमता भएका व्यक्तिलाई सफल बनाउन र चिनाउन सहयोग पुऱ्याएको छ । सामाजिक सञ्जालकै कारण राजनीतिक रुपमा सफल र असफल भएका उदाहरण पनि छन् । सामाजिक सञ्जाल सूचना र विचार आदन-प्रदानको सरल र सुलभ सञ्चार माध्यम पनि हो भन्दा दुईमत नरहला । सूचना र अभिव्यक्ति स्वतन्त्रताको हक नागरिकको मौलिक हककै रुपमा संविधानमा उल्लेख भएको र लोकतन्त्र र वाक स्वतन्त्रताको पक्षमा वकालत गरिरहेको नेपालका लागि यो एक उदाहरण पनि हो । यसको सहि प्रयोगले मानव जीवनलाई चामत्कारिक परिवर्तन ल्याउन सक्दछ भने दुरुपयोग भए विनास ।

**यसको सकरात्मक र नकरात्मक पक्ष :** सामाजिक सञ्जाल २१ औं शताव्दीको एक महत्वपूर्ण आविष्कार हो । यस मोबाईल एप्सले मानव जीवनलाई सहजता ल्याईदिएको छ । यसका केहि सकरात्मक पक्षमा : सूचना आदन प्रदानमा भौगोलिक दुरीको अन्त्य गरेको छ ।

सूचना आदन-प्रदान छिटोछरितो गर्न सकिने । विश्व नै एक मोबाईलमा सिमित हुन् पुगेको छ । महत्वपूर्ण कागजात तुरुन्तै विश्वभर आदन-प्रदान गर्न सकिने । घरमै बसेर व्यापारिक कारोवार र स्वरोजगारी सिर्जना हुने । आफ्ना विचार र भावना पोख्ने थलोको रुपमा प्रयोग गर्न पाईने । अध्ययन् र खोजका लागि सहयोगी हुने । सञ्जालको निर्माण गरि सुचना र छलफल गर्न सकिने । यसका नकरात्मक पक्षमा : यसको बढी प्रयोगले व्यक्तिगत, पारिवारिक, दम्पत्तीको जीवनमा नै समस्या उत्पन्न गराएको । सबै कुरा छोडेर यसैमा लामो समय बेथित गर्ने । शारीरिक र मानसिक समस्या सिर्जना हुने । नकरात्मक सोच बढ्दै जाने, अरुको व्यक्तिगत जीवनीमा हानी हुने टिकाटिप्पणी सहज तरीकाले गर्न पाउने, अश्लील भिडियो तथा फोटाहरु पोष्ट गर्ने, मनोरञ्जनात्मक साधनको रुपमा बढी प्रयोग गर्ने, गलत समाचार प्रसारण गर्ने, समाजमा विभिन्न किसिमका भ्रम सिर्जना गर्ने । यथार्थ भन्दा भ्रम बढी सिर्जना गर्नेमा केन्द्रीत हुने ।

**निष्कर्ष :** सामाजिक सञ्जाल एक अदृश्य माध्यमहरु मात्रै हुन् यिनीहरु आफैमा खराब भने पक्कै होइनन् । खराव वा राम्रो के बनाउने हामी प्रयोगकर्ताको हातमै रहेको देखिन्छ भने यसको निगमन, नियन्त्रण र व्यवस्थापन त्यस देशको सरकारमा । तर आफ्नो व्यवहार र कार्यशैलीमा सुधार नगर्ने तर दोष सामाजिक सञ्जाललाई दिने हामीलाई बानी परिसकेको छ । यसको एक उदाहरण हो यस अगाडिको सरकारले टिकटक बन्द गराउनु । सामाजिक सञ्जालको प्रयोग समाजलाई जोड्न र एकता कायम गर्नका लागि हुनु पर्दछ द्वन्द्व र भड्काउनका लागि हुनुहुँदैन् । यसका राम्रा पक्षलाई ग्रहण गर्दै जाउँ, नराम्रा पक्षलाई त्याग्दै जाउ । यसको दुरुपयोग हैन् सदुपयोग गरौं । यसलाई भ्रम सिर्जना गर्ने माध्यमका रुपमा नभई यथार्थमा परिणत गर्ने माध्मका रुपमा रुपान्तरण गरौं । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :काममा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ । | **तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **बृष** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वत: हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |

# शिक्षा

## आठ लाख खर्चेर विद्यालयमा विज्ञान प्रयोगशाला




कालिकोट जिल्लाको सान्नीत्रिवेणी गाउँपालिका-६ मेहेलमुडीस्थित पञ्चदेव माध्यमिक विद्यालयमा आधुनिक विज्ञान प्रयोगशाला स्थापना भएको छ । विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विज्ञानसम्बन्धी प्रयोगात्मक परीक्षणका लागि प्रयोगशाला स्थापना भएको हो । कक्षा १ देखि १२ सम्म अध्यापन हुने पञ्चदेव माध्यमिक विद्यालयमा किर्डाक नेपाल कालीकोट र सान्नीत्रिवेणी गाउँपालिकाद्वारा सञ्चालित सशक्त बालिका परियोजनाअन्तर्गत विद्यालयमा प्रयोगशाला स्थापना भएको छ । पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधिबारे विद्यार्थीलाई जानकारी दिने उद्देश्यले विज्ञान प्रयोगशाला सञ्चालनमा ल्याइएको विद्यालयका प्रधानाध्यापक जयाकुमारी देवकोटाले बताए । "प्रयोगशाला स्थापना गर्न जिल्लास्थित किर्डाक नेपाल र प्लान नेपालको सहयोगमा रु छ लाख २४ हजार ३७, सान्नीत्रिवेणी गाउँपालिकाले रु एक लाख ५० हजार, विद्यालयबाट रु ५० हजार लगानी गरिएको छ", प्रअ देवकोटाले भने, "विद्यालयमा अध्यापन गर्ने विद्यार्थीले विज्ञानसम्बन्धी जानकारी र आवश्यक ज्ञान वृद्धि गर्न प्रयोगात्मक काममा प्रयोगशाला सहयोगी बन्ने अपेक्षा लिएका छौँ ।" विद्यालयमा प्रयोगशाला स्थापना भएपछि विद्यार्थीको सिकाइ थप प्रभावकारी हुने अपेक्षा गरिएको गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीले बताए । "अहिले विद्यालयमा प्रयोगशाला सञ्चालनमा ल्याएका छौँ । आगामी दिनमा सूचना प्रविधिसम्बन्धी सामग्री थप गर्दै लैजाने योजना छ", उनले भने, "पालिकाका सबै विद्यालयमा विज्ञान प्रयोगशालासँगै हरित विद्यालय बनाउन लागिरहेका छौँ ।" विद्यालयमा प्रयोगशाला नहुँदा विद्यार्थीका लागि प्रयोगात्मक कक्षा सञ्चालन गर्न कठिनाइ भइरहेको थियो । प्रयोगशाला सञ्चालन भएसँगै प्रभावकारी सिकाइसहित प्रयोगात्मक ज्ञान प्राप्त हुने विद्यालयका विज्ञान शिक्षक रत्नलाल अधिकारीले बताए । "प्रयोगशालाका लागि पर्याप्त सामग्री उपलब्ध भएपछि विद्यालयको कक्षाकोठामा छुट्टै प्रयोगशाला स्थापना गरिएको छ", उनले भने । *-रासस*

## शिक्षकहरूलाई तलब भत्ता दिन निर्देशन




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शिक्षकहरूको तलब भत्ता मासिक भुक्तानीको व्यवस्था गर्न स्थानीय तहहरूलाई परिपत्र गरेको छ 'शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्था' आवश्यक जानकारी तथा कार्यार्थ भन्दै मन्त्रालयले स्थानीय तहहरूलाई परिपत्र गरेको हो । यसअघि शिक्षा मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रकाशन मन्त्रालयलाई शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहमा परिपत्र गर्न भन्दै पत्र पठाएको थियो । शिक्षा मन्त्रालयले गत सोमबार पठाएको पत्र अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्र गरेको हो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षकहरूलाई मासिक रूपमा तलब निकासा गर्न स्थानीय तहहरूमा ताकेता गर्दै आएको थियो । देशभरका ७५३ वटै पालिकालाई सूचना जारी गर्दै केन्द्रले शिक्षकको तलब मासिक रूपमा भुक्तानी हुने व्यवस्था मिलाउन केन्द्रले भन्दै आएको थियो । *-रातोपाटी डटकम*

## अपाङ्गता भएका बालबालिकाको लागि घरमै विद्यालय

**असबीर सारु**

बाँसले बेरेको एकतले घरको पिँडीमा बोरा बिछ्याइएको छ । बिछ्याइएको बोरामाथि सहजकर्ताले निर्माण गरेको अक्षर र अङ्क पत्ती, सिसा, कलर गरिएका ढुँगाहरु, मारकर, सिसा कलम र कापी राखिएको छ । घरको भित्तामा कार्डमा लेखिएको कक्षा सञ्चालन दैनिक कार्य तालिका टाँसिएको छ । सोही कार्य तालिका अनुसार पढाइ चलिरहेको छ । यो दृश्य हो छिन्नमस्ता गाउँपालिका वडा नं १ बरहीविरपुरमा अवस्थित सुरजको घरको हो । अक्सर बिना काम खाली समय कटाउँदै आएका १३ वर्षीय सुरजको दैनिकी अचेल बदलिएको छ । मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका सुरज बिहान १० बजे देखि २ बजे सम्म सञ्चालन हुने घरमै विद्यालय कक्षा सञ्चालन हुन थालेपछि उनको दैनिकी फेरिएको हो । उनी अचेल आफ्नै घरको पिँढीमा बसेर सहजकर्ताको सहयोगमा सिकाइ क्रियाकलाप गरिरहेको भेटिन्छ ।



कक्षा सञ्चालनअघि सुरजले देखाउने अस्वभाविक व्यवहारले उनका अभिभावकहरु खिन्न थिए । कुनै कुरामा ध्यान दिन नसक्ने, स्थिर भएर नबस्ने, आवेगमा उसको सामु जे छ फ्या दिने जस्ता अस्वभाविक व्यवहार थियो उनको । यस्तो व्यवहारका कारण उनलाई विद्यालय पढाउन पठाउन नसकिएको उनको परिवारले जनाएको थियो । तर अहिले भने उनको व्यवहारमा सुधारका संकेत देखिन थालेको उनकी आमा सूर्य कुमारी कर्णले बताइन् । "अहिले हाम्रो कुरा सुन्छ, निर्देशन मान्छ, ऊ आफै शौच जाने, नुहाउने र ब्रस गर्ने गर्न," आमा सूर्य कुमारीले सुनाइन् "नेपाली बर्णमालाका केही अक्षर चिन्न सक्ने भएको छ । ऊ अब आफै आत्मनिर्भर बन्न सकोस" सूर्य कुमारीले छोराको अविश्य माथि आसा पलाएको आशय व्यक्त गरिन् । ५ वर्ष पहिले कमाउन भनेर भारत गएका सुरजका बुबा हाल सम्म सम्पर्कमा आएका छैनन् । उनीहरुको आर्थिक अवस्था पनि निकै कमजोर छ । तिलाठी कोइलाडी वडां नं. ७ मन्सापुरकी ४ वर्षीय समीक्षाले पनि घरमै विद्यालय कक्षा लिइरहेकी छिन् । नजिकैको बालबिकास केन्द्रमा भर्ना भएकी समीक्षाले घरमै सिकाइ क्रियाकलापको अवसर पाएपछि आमा सुशीला साहको आशा जागेको छ । शारीरिक अपाङगता भएकी समीक्षाले के नै गर्न सक्लिन् र भन्ने लागेको आमालाई छोरीको सेसनपछि सुधारको लक्षण देखिएको छ ।

आमा सुशीलाका अनुसार कक्षा सञ्चालन भएको एक महिनामै भलाकुसारी गर्ने, कलम समाउन सक्ने भएकी छिन् । समीक्षालाई आधारभूत सीप सिकाइलाई प्राथमिकतामा राखेर क्रियाकलाप गर्दै आएको सहजकर्ता प्रतिभा मण्डलले बताइन् । सहजकर्ताका अनुसार समीक्षामा हिड्न नसक्ने समस्या भए पनि दैनिक हातका औंला, हात चलाउने, ठूलालाई नमस्कार, वाईवाई गर्ने जस्ता अभ्यास गराउँदै आएको छ । ह्विल चियरको प्रयोगलाई अभ्यास गर्नका लागि गाउँपालिका तथा संस्थाहरुसँग समन्वय गरिएको सहजकर्ता मण्डलले जनाकारी गराइन् । बालबालिकाको अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि घरमै विद्यालय कार्यक्रम शुरु गरेको छिन्नमस्त गाउँपालिकाले जनाएको छ । छिन्नमस्त गाउँपालिकाका शिक्षा संयोजक सन्तोष रायका अनुसार विद्यालय शिक्षाको पहुँच बाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रम नै घरमै विद्यालय कार्यक्रम हो । यो कार्यक्रमले एक जना अपाङ्गता भएका बालबालिकालाई एक जना स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको छ । अपाङ्गताका कारण विद्यालयमा उपस्थित भई नियमित शिक्षण क्रियाकलापको अवसरबाट बञ्चित बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि कार्यक्रम सञ्चालन गरिएको हो ।

"नजिकको विद्यालयमा भर्ना भई उक्त विद्यालयको नीति, नियम र सहयोगमा घरमै विद्यालय कक्षा सञ्चालन गरिन्छ" शिक्षा संयोजक सन्तोष रायले भने, "विद्यार्थी विद्यालय होइन कि, स्वयंसेवक शिक्षक विद्यार्थीकै घरमा गएर शिक्षण गर्ने व्यवस्था गरिएको छ ।" छिन्नमस्त र तिलाठी कोलाडी गाउँपालिका भित्रका विद्यालय पहुँच बाहिररहेका ७ जना अपाङ्गता भएका बालबालिकालाई घरमै विद्यालय कार्यक्रम शुरु गरेको कार्यक्रम सञ्चालन गर्न सहयोग गरिरहेको गैरसरकारी संस्था सेभ द सप्तरीले जनाएको छ ।

सेभ द सप्तरीका परियोजना संयोजक अनिल यादवका अनुसार संस्थाको सहयोगमा गाउँपालिकाले अपाङ्गता परीक्षण शिबिर सञ्चालन गरेको थियो । सेभ द सप्तरीका अनिल यादवका अनुसार अपाङगता परीक्षणमा संलग्न चिकित्सकको सिफारिस अनुसार कक्षा सञ्चालनका लागि बालबालिकाको छनौट गरिएको छ । घरमै विद्यालय कक्षाका सहजकर्ता रुबी कर्णका अनुसार गाउँपालिका र सेभ द सप्तरीले सञ्चालन गरेको ५ दिने तालिम पाएपछि कक्षा शुरु गरिएको हो । घरमै विद्यालय कक्षामा सहभागी अपाङ्गता बालबालिका विभिन्न प्रकृतिका छन् । उनीहरुको सिकाइ आवश्यकता पनि फरक फरक छन् । अपाङ्गता परीक्षणमा संलग्न ट्रियो रिसर्च डेभलब्मेन्टका चिकित्स अधिकृत मनिस रेग्मीले फिजियो थेरापी र स्पिच थेरापीको लागि सिफारिस गरिएको छ । चिकित्सको सल्लाहलाई अधिकतम कार्यानवयनमा जोड दिइएको स्वयसेवक शिक्षकहरुले बताएका छन् । अपाङ्गता भएका बालबालिकाको सर्वोत्तम हितका लागि चिकित्सको सिफारिस तथा सल्लाह अनुसारका क्रियाकलापहरु सञ्चालनका लागि सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्दै व्यवहारमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिन्छ । नेपालको संविधान २०७२ धारा ३१ उपधारा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्धन्धी अपाङ्गता भएका नगरिकलाई सकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

*चिकित्सको सल्लाहलाई अधिकतम कार्यानवयनमा जोड दिइएको स्वयसेवक शिक्षकहरुले बताएका छन् । अपाङ्गता भएका बालबालिकाको सर्वोत्तम हितका लागि चिकित्सको सिफारिस तथा सल्लाह अनुसारका क्रियाकलापहरु सञ्चालनका लागि सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्दै व्यवहारमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिन्छ । नेपालको संविधान २०७२ धारा ३१ उपधारा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्धन्धी अपाङ्गता भएका नगरिकलाई सकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ ले अपाङ्गता भएका विद्यार्थीहरुको लागि निशुल्क शिक्षा, छात्रवृत्ति, आर्थिक सहयोग, सहितको गुणस्तरीय शिक्षाको पहुँचको व्यवस्था गरेको छ ।*

यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ ले अपाङ्गता भएका विद्यार्थीहरुको लागि निशुल्क शिक्षा, छात्रवृत्ति, आर्थिक सहयोग, सहितको गुणस्तरीय शिक्षाको पहुँचको व्यवस्था गरेको छ । तर हामो वास्ताविकता अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता मैत्री बनिसकेको छैन । भौतिक संरचना, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधि तथा रणनीति अपाङगता मैत्री बनाउँदै लैजानु पर्छ । उनीहरुको आवशयकता पुरा हुने गरी छनौट तथा कार्यान्वयनलाई प्राथमिकता दिदै विद्यामान ऐन कानुनको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार निकाय उत्तरदायी हुनु जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरुले दया माया र करुणाले नभई स्वतन्त्र रुपमा नागरिक हकको रुपमा उपभोग गर्ने वातावरणको सृजना गर्नु आजको आवश्यकता हो ।

*-डिसी नेपाल डटकम*

# भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइँदै




**पाल्पा,** मंसिर २३/आज भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि विविध कार्यक्रम गरि मनाइदै छ । संयुक्त राष्ट्रसंघले सन् २००३ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेपछि विश्वभर डिसेम्बर ९ तारिखलाई भ्रष्टाचार विरुद्धको दिवस मनाउन थालिएको हो ।

संयुक्त राष्ट्रसंघको महासभाले आजको दिनलाई भ्रष्ट्राचार विरुद्धको दिवसका रुपमा मान्यता दिएको थियो । दिवसका अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भ्रष्टाचार विरुद्ध क्रियाशिल संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल लगायत सरोकारवाला निकायले आज विभिन्न कार्यक्रमको आयोजना गर्न लागेको जनाइएको छ । अन्तर्राष्ट्रिय संघसंस्थाले गरेको अध्ययनले पछिल्लो समय विकासोन्मुख मुलुकमा भ्रष्टाचार बढ्दै गएको देखाएको छ । पछिल्लो समय सरकारले भ्रष्टाचार हुन नदिन प्रतिबद्ध रहेको र अनियमितता तथा भ्रष्टाचारमा संलग्नप्रति कडाई गर्ने बताउदै आएपछि भ्रष्टाचारका ठूला ठूला घटना सार्वजनिक भइरहेका छन् । ट्रान्सपरेन्सी इन्टरनेश्नलले पनि नेपालमा भ्रष्टाचार बढेको अनुभव गर्नेको संख्या बढेको प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । भ्रष्टाचार निवारणका लागि संवैधानिक निकायका रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएपनि भ्रष्टाचार नियन्त्रणमा अपेक्षा अनुरुप प्रगती हुन सकेको छैन । भ्रष्टाचार एक वा एक भन्दा बढी व्यक्ति वा संस्थाका गतिविधिसँग जोडिएको विषय भएकाले यसलाई तोड्न प्रभावकारी रुपमा जनचेतना बढाउनुपर्नेमा नेपालका सम्बन्धित निकायहरुले जोड दिइएका छन् । उनीहरुले भ्रष्टाचार विरुद्ध सबै एक जुट भए भ्रष्टाचारको सञ्जाल जरैदेखि उखेल्न सक्ने भन्दै भ्रष्टाचार रोक्ने अभियानमा सहयोग गर्न सबैसँग अपिल समेत गरेका छन् । नेपालले सन् २०११ मा महासन्धीलाई अनुमोदन गरेको थियो । राष्ट्रसंघले भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धी पारित गरेको दिनको सम्झनामा हरेक वर्ष डिसेम्बर ९ मा भ्रष्टाचार विरुद्धको दिवस मनाउने गरिन्छ । भ्रष्टाचारविरुद्ध आवाज बुलन्द पार्ने उद्देश्यले हरेक वर्ष दिवस मनाइए पनि भ्रष्टाचार रोकिएको छैन ।

# महिला बहुउद्देश्यीय सहकारीले मनायो २४ औं साधारण सभा



**पाल्पा,** मंसिर २३/जिल्लाको तानसेनमा सञ्चालित महिला बहुउद्देश्यीय सहकारी सस्था लिमिटेडले साधारण सभा मनाएको छ । सहकारीले एक औपचारिक कार्यक्रमकाबिच २४ औं साधारण सभा मनाएको हो ।

महिलाहरुको नेतृत्व विकास र आर्थिक समृद्धिको क्षेत्रमा काम गर्दै आइरहेको सहकारी संस्थाले सभामा आफुले वर्ष भरी गरेका गतिविधिसँगै आगामी कार्यक्रम तथा योजनाका विषयमा जानकारी गराएको छ । साधारण सभाको तानसेन नगरपालिका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरका हुन् । सभाको उद्घाटन गर्दै उनले सहकारीहरुको समस्या समाधानमा नगर सरकार कटिबद्ध रहेको बताएका छन् । उनले नगर सरकारले सहकारीहरुको विकास र विस्तारका लागि स्थानीय सहकारी सञ्जाल समेत निर्माण गरी अगाडि बढेको बताउँदै सहकारीमा देखा परेका समस्याहरुलाई सहकारीहरुसँगै सहकार्य गरी नगर सरकार अगाडि बढेको धारणा व्यक्त गरे । नगर प्रमुख श्रेष्ठले उद्यमी निर्माण गरी स्वरोजगार बनाउने र सहकारीका शेयर सदस्यहरुलाई सुपथ मूल्यमा दैनिक उपभोग्यवस्तु वितरण गर्ने अभियानमा नगर सरकारले सहयोग गर्ने बताए । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका कोषाध्यक्ष विनायक महर्जन, क्षयरोग निवारण संघ पाल्पाकी सभापति शोभा शाक्य, सहकारीका लेखा सुपरिपेक्षक समितिका संयोजक सानु थापा लगायतले सहकारीको कार्य प्रसंशनीय रहेको भन्दै आगामी दिनमा पनि सोही अनुरुप अगाडि बढ्न संस्थालाई आग्रह गरेका छन् । कार्यक्रममा संस्थाका अध्यक्ष गीता थापाले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी अगाडि बढेको बताइन् । कार्यक्रममा कोषाध्यक्ष सरला केसीले संस्थाको आर्थिक वर्ष २०८०/०८१ को १२ करोड ६५ लाख ७४ हजार बराबर को आय-व्यय प्रस्तुत गरेकी थिईन् । कार्यक्रममा सहकारीले जेष्ठ सदस्य सारदा कर्माचार्य, दुर्गादेवी पौड्याल, रमा पन्थी, सारदा शाहीलाई सम्मान गरेको थियो । यस्तै उसले एसईईमा उत्कृष्ट अंक ल्याई उर्त्तिण हुने बाल सदस्य सुदीप कोइराला र सुप्रिम भण्डारी, दोहोरो कारोबार गर्ने सदस्यहरु मीना कुमारी शाही, भूमिश्वर घर्ती, तुलसी थापालाई समेत सम्मान गरेको छ ।

सहकारीले आर्थिक वर्ष २०८०/०८१ मा १० लाख ८४ हजार मुनाफा र १ करोड २८ लाख ४२ हजार ८ सय ९ आम्दानी गर्न सफल भएको जनाएको छ । संस्थाका अध्यक्ष गीता थापाको अध्यक्षता, सदस्य लक्ष्मी शर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# लुम्बिनी लायन्सको लगातार चौथो हार



**काठमाडौं,** मंसिर २३/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा जनकपुर बोल्ट्सले लुम्बिनी लायन्सलाई एक रनले हराएको छ । लुम्बिनीको यो लगातार चौथो हार हो भने जनकपुरको लगातार चौथो जीत हो । जनकपुरले दिएको एक सय ३७ रनको लक्ष्य पछ्याएको लुम्बिनीले आठ विकेट गुमाएर एक सय ३५ रन मात्र बनाउन सक्यो । लुम्बिनीका कप्तान रोहित पौडेले ३५ रन बनाए । जनकपुरका हर्ष ठाकरले पाँच विकेट लिए । यस्तै कोशोर महतो, ललित राजवंशी र शेर मल्लले समान एक विकेट लिए । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको जनकपुरले नौ विकेट गुमाएर एक सय ३६ रन बनायो । जनकपुरका कप्तान अनिल शाहले सबैभन्दा धेरै ४५ रन बनाए । यस्तै लाहिरु मिलान्थाले २४ रन र शुभ कंसाकारले अविजित २२ रन बनाए । लुम्बिनीका अभिषेश गौतमले तीन विकेट लिए । यस्तै कप्तान रोहित पौडेल र साद बिन जफरले समान दुई तथा सन्दीप जोराले समान एक विकेट लिए । जनकपुर चार खेलमा आठ अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । समान खेलमा लागातार पराजित लुम्बिनी अङ्कविहीन हुँदै तालिकाको पुछारमा छ । यस्तै आइतबार दिउँसो एक बजे सुदूरपश्चिम रोयल्स र चितवन राइनोजबीच खेल हुनेछ । तीनवटै खेल जितेको सुदूरपश्चिम तालिकाको दोश्रो स्थानमा र तीन मध्य दुई खेल जितेको चितवन तालिकाको तेस्रो स्थानमा छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** मंसिर २३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कले गिरावट आएको छ । कारोबारको साताको पहिलो दिन आइतबार नेप्से परिसूचक एक दशमलव ६७ प्रतिशतले गिरावट आएको हो ।

नेप्से ४५ दशमलव ९३ अङ्कले घटेर दुई हजार छ सय ८९ को बिन्दुमा कायम भएको छ । सोही अवधिमा तीन सय २१ कम्पनीको एक करोड ७३ लाख ९२ हजार दुई सय ४४ कित्ता शेयर ८१ हजार चार सय चार पटक खरिदबिक्री भएको छ । जसमा सात अर्ब ४७ करोड तीन लाख पाँच हजार बराबरको कारोबार भएको छ । कारोबारमा दुई सय १४ कम्पनीको शेयर मूल्य घटेको छ । सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी जीवन बिमा समूह तीन दशमलव शून्य सात र व्यापार समूह दुई दशमलव १३ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ८६, विकास बैंक एक दशमलव शून्य चार, वित्त एक दशमलव ८४, होटल तथा पर्यटन एक दशमलव ८४, जलविद्युत् एक दशमलव ९८ र लगानी समूह एक दशमलव ३३ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ३४, लघुवित्त एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ५९, निर्जीवन बिमा शून्य दशमलव ८३ र अन्य समूह शून्य दशमलव ८१ प्रतिशतले घटेको नेप्सेले जनाएको छ । तीनवटा कम्पनीको शेयर मूल्यमा आज नकारात्मक सर्किट लागेको छ । मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड र जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेको हो । खानीखोला हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको ३२ करोड ६४ लाख ६१ हजार पाँच सय ६९ को कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा लक्ष्मी उन्नति कोषको २० लाख पाँच हजार एक सय कित्ता शेयर किनबेच भएको छ ।


# हार्दिक बधाई तथा शुभकामना



विष्णु बहादुर कार्की





नारायण बस्याल

पाल्पा ट्रेक्टर समितिका सचिव,सामाजिक व्यक्तित्व **श्री विष्णु बहादुर कार्की** तानसेनमा सम्पन्न **पाल्पा व्यापार संघको सातौं साधारण सभा तथा चौथौं अधिवेशनबाट संघको अध्यक्ष र समितिका सदस्य नारायण बस्याल सचिव जस्तो गरिमामय पदमा** निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरुसहित सम्पूर्ण निर्वाचित व्यक्तित्वहरुमा **हार्दिक बधाई तथा सफल कार्यकाल**को शुभकामना व्यक्त गर्दछौं ।

हुमराज बस्याल
अध्यक्ष
एवं
**पाल्पा ट्रेक्टर समिति परिवार**
तानसेन, पाल्पा

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


# भ्रष्टाचार र अनियमितता विरुद्ध जुटौं

- घुस लिने र दिने दुबै अपराधी हुन्,
- भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्टाचार र अनियमितता विरूद्ध आवाज उठाऔं,
- भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।



नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई